# भाग ३

## नेपाल सरकार

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०७६

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निजामती सेवा नियमावली, २०५० मा संशोधनः** निजामती सेवा नियमावली, २०५० को नियम १२३ को,-

(१) उपनियम (३ क) को सट्टा देहायको उपनियम (३क) राखिएको छ :-

"(३क) कुनै निजामती कर्मचारीको सरकारी कामको सिलसिलामा सवारी दुर्घटनामा परी मृत्यु भएमा निजले पहिले गरेको सरकारी सेवाको अवधि जोड्दा निवृतभरण पाउन सक्ने अवस्था रहेछ भने नेपाल सरकारले निवृतभरणको लागि निजको पहिलेको सेवा अवधि जोड्ने निर्णय गर्न सक्नेछ।"

(२) उपनियम (३क) पछि देहायको उपनियम (३ख) थपिएको छ :-

"(३ख) यस नियममा लेखिएदेखि बाहेक अन्य कुनै प्रकृयाद्वारा पहिलेको सेवा अवधि जोडाउन र सेवा अवधि थप गरी सुविधा लिन पाईने छैन ।"

**आज्ञाले,**
**यादव प्रसाद कोइराला**
**नेपाल सरकारको सचिव**